IslamHouse.com

Osoul Center
www.osoulcenter.com

# इस्लामको तीन मूल आधार


लेखक
शेख मुहम्मद बिन् अब्दुल् वह्हाब

अनुवादक
अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की

संशोधक
अहमद भण्डारी
मुहम्मद इदरीस सलफी


नेपाली
Nepali
نيبالي

# الأصول الثلاثة

## الشيخ محمد بن عبدالوهاب

**ترجمة**

عتيق الرحمن محمد إدريس خان مكي

**مراجعة**

أحمد بهنداري

محمد إدريس سلفي

नेपाली

Nepali

نيبالي

ح المكتب التعاوني للدعوة والإرشاد وتوعية الجاليات بالربوة، ١٤٤١هـ
فهرسة مكتبة الملك فهد الوطنية أثناء النشر
مركز أصول للمحتوى الدعوي
الأصول الثلاثة - اللغة النيبالية . / مركز أصول للمحتوى الدعوي؛ أحمد بهنداري - الرياض، ١٤٤١هـ
٤٤ ص، ١٢ سم x ١٦,٥ سم
ردمك : ٩-٦٢-٨٢٩٧-٦٠٣-٩٧٨
١- العقيدة الاسلامية ٢- التوحيد أ. بهنداري، مرتضى أحمد (مترجم)
ب. العنوان
ديوي ٢٤٠ ١٤٤١/٨٨٩١
رقم الايداع: ١٤٤١/٨٨٩١
ردمك : ٩-٦٢-٨٢٩٧-٦٠٣-٩٧٨

This book has been conceived, prepared and designed by the Osoul Centre. All photos used in the book belong to the Osoul Centre. The Centre hereby permits all Sunni Muslims to reprint and publish the book in any method and format on condition that 1) acknowledgement of the Osoul Centre is clearly stated on all editions; and 2) no alteration or amendment of the text is introduced without reference to the Osoul Centre. In the case of reprinting this book, the Centre strongly recommends maintaining high quality.

+966 11 445 4900
+966 11 497 0126
P.O.BOX 29465 Riyadh 11457
osoul@rabwah.sa
www.osoulcenter.com

بسم الله الرحمن الرحيم

# विषय सूची


| | |
|---|---|
| प्रस्तावना | 9 |
| प्रथम मूल आधार | 21 |
| दोस्रो मूल आधार | 31 |
| प्रथम श्रेणी इस्लाम | 33 |
| दोस्रो श्रेणी ईमान | 37 |
| तेस्रो श्रेणी एहसान | 39 |
| तेस्रो मूल आधार | 43 |

# प्रस्तावना

## बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई सृष्टि गरे, यसमा बसोबास गर्नको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गरे अनि समस्तको जीविकाको पूर्णतया व्यवस्था गरे र हामीहरूको लागि हलाल र हराम स्पष्ट गरेर पुष्टि गरिदिए । तसर्थ म गवाही दिन्छु कि अल्लाह बाहेक कोही सत्य पूज्य छैन, उनी एकलै छन्, उनको कोही सहभागी छैन र म गवाही दिन्छु कि मुहम्मद ﷺ अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुनुको साथै मनोनीत दूत हुन् । जसलाई अल्लाहले सन्देष्टाहरूको आगमनक्रमको अन्तिममा पठाए, ताकि समस्त मानवजातिलाई वासना, सृष्टि पूजा र अवैधताबाट बचाएर धरती आकाशको स्रष्टाप्रति समर्पित गरुन् । अल्लाहको तर्फबाट अत्याधिक शान्ति र दया अवतरित होस् मुहम्मद ﷺ माथि, उहाँका घरपरिवार, समस्त साथीहरू र प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने अनुयायीहरुमाथि ।

प्रस्तुत पुस्तकमा इस्लामिक आस्थासित सम्बन्धित महत्वपूर्ण मूल आधारहरूको विवरण कुर्आन र हदीसहरूमा आधारित प्रमाणद्वारा प्रस्तुत गरिएको छ । जसलेगर्दा पाठक वर्गहरूलाई इस्लामिक आस्थाको मूल आधारहरूको बारेमा निश्चय नै सन्तुष्टि मिल्नेछ ।

वास्तवमा अल्लाहको एकत्वमा विश्वास नै संसारिक एवं परलौकिक मानव कल्याण र सत्कर्महरूको जग हो । यो किताब विशेषगरी यसको बारेमा चर्चा गर्नेछ र यो विषय सबै को लागि एकनास जरुरी छ, यसै कारण मैले यसलाई नेपाली भाषामा अनुवाद गरेको छु । यस आशाको साथ कि हाम्रा नेपाली दाजुभाइहरूलाई यसबाट लाभ पुग्नेछ, र मेरो यो सानो प्रयास सबै मुसलमान दाजुभाइको लागि मार्गदर्शक हुनेछ । मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन्, साथै पाठकवर्गासित पनि सादर अनुरोध गर्दछु कि यस लेखमा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा त्यस त्रुटितर्फ ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

आशा गर्दछु कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाहले मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई कुमार्गबाट निकालेर सुमार्गमा लगाउने छन् ।

अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई स्वीकार गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् अनि मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । (आमीन)

अनुवादक
अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की

)

# बिस्मिल्लाहिर्रहमानिर्रहीम

ज्ञात रहोस्, हामी सबैलाई निम्न चार कुराहरुलाई जान्नु अति आवश्यक छः-

१) अल्लाह, उहाँको नबी (सन्देष्टा) र इस्लाम धर्मको ज्ञान प्रमाणको साथमा ।

२) त्यसै ज्ञानको आधारमा कर्मगर्नु ।

३) त्यस ज्ञानतर्फ मानिसहरुलाई आमन्त्रित गर्नु ।

४) कर्म र आमन्त्रणको समयमा आइपर्ने दुःख कष्टमा धैर्य गर्नु ।

उपरोक्त कुराको प्रमाण अल्लाह तआलाले यसरी दिनु भएको छः

﴿وَٱلۡعَصۡرِ ١ إِنَّ ٱلۡإِنسَٰنَ لَفِي خُسۡرٍ ٢ إِلَّا ٱلَّذِينَ ءَامَنُواْ وَعَمِلُواْ ٱلصَّٰلِحَٰتِ
وَتَوَاصَوۡاْ بِٱلۡحَقِّ وَتَوَاصَوۡاْ بِٱلصَّبۡرِ﴾ [العصر: ١ - ٣]

अर्थः समय (युग) को कसम! वास्तवमा सबै मानिसहरु घाटामा छन्, तिनीहरू बाहेक जसले ईमान ल्याए र असल कर्म गरिरहे अनि एक अर्कालाई सत्य कुराको र संयमको उपदेश गर्दैरहे । (सूरतुल् अस्र १-४)

यस सूरहको बारेमा धर्मविद इमाम शाफईले भनेका छन् “यदि अल्लाह यस सूरः बाहेक अरु कुनै पनि सूरः आफ्नो भक्तहरूको लागि अवतरित गर्नु हुँदैनथ्यो भने यो सूरः मात्रै पर्याप्त थियो” ।

इमाम बुखारीले भनेका छन्: “बोल्नु र कर्म गर्नुभन्दा पहिला ज्ञान हुनुपर्छ” । यस कुराको पुष्टि अल्लाहको भनाइबाट पनि हुन्छ, भन्नु भएको छः

﴿ فَٱعْلَمْ أَنَّهُۥ لَآ إِلَٰهَ إِلَّا ٱللَّهُ وَٱسْتَغْفِرْ لِذَنۢبِكَ ﴾ [محمد: ١٩]

अर्थः अतः (हे नबी) तिमी यकिन गर कि अल्लाह बाहेक कोही सत्य पूज्य छैन र क्षमा माँग आफ्नो पापहरूको । (सूरतु मुहम्मदः १९)

अल्लाहले यस आयतमा ज्ञानलाई कर्म र कुरामाथि प्राथमिकता दिनु भएको छ ।

यो ज्ञात रहोस्! अल्लाहको कृपा तपाईंमाथि होस् कि सबै मुस्लिम महिला एवं पुरुषमाथि निम्न तीन नियमको ज्ञान अति अनिवार्य छ ।

१) अल्लाहले हामीहरूलाई सृष्टि गर्नुभयो, जीविका प्रदान गर्नुभयो र हामीलाई बिना मार्गदर्शन छोडनु भएन । हाम्रो मार्गदर्शनको लागि रसूल (सन्देष्टा) हरू पठाउनु भयो । त्यसैले जसले रसूलहरूको उपदेशलाई मान्छन् ती स्वर्गमा जानेछन् र जसले उनीहरूको उपदेशलाई

मान्दैनन्, ती नर्कमा जानेछन् । किनकि अल्लाह तआलाले भन्नु भएको छः

﴿إِنَّآ أَرۡسَلۡنَآ إِلَيۡكُمۡ رَسُولٗا شَٰهِدًا عَلَيۡكُمۡ كَمَآ أَرۡسَلۡنَآ إِلَىٰ فِرۡعَوۡنَ رَسُولٗا ١٥ فَعَصَىٰ فِرۡعَوۡنُ ٱلرَّسُولَ فَأَخَذۡنَٰهُ أَخۡذٗا وَبِيلٗا﴾ [المزمل: ١٥ - ١٦]

अर्थः निःसन्देह हामीले तिमीहरू समक्ष त्यसै प्रकार एउटा रसूल (सन्देष्टा) तिमीहरूमाथि गवाह बनाएर पठायौं जसरी हामीले फिरऔनतिर एउटा रसूल पठाएका थियौं (तर) फिरऔनले जब त्यस रसूलको उपदेशलाई मानेन, तब हामीले त्यसलाई कठोर यातनामा समात्यौं । (सूरतुल् मुज्जम्मिल १५, १६)

२) अल्लाहले कदापि आफ्नो साथमा कसैलाई साझी बनाउनुलाई स्वीकार गर्नुहुन्न, चाहे त्यो प्रशंसनीय फरिश्ता एवं विश्वासनीय रसूल नै किन नहोस् । यस सम्बन्धमा अल्लाह तआलाले भन्नु भएको छः

﴿وَأَنَّ ٱلۡمَسَٰجِدَ لِلَّهِ فَلَا تَدۡعُواْ مَعَ ٱللَّهِ أَحَدٗا﴾ [الجن: ١٨]

अर्थः र यी मस्जिदहरू अल्लाहका लागि हुन् तसर्थ यसमा अल्लाहको साथ अरु कसैलाई न पुकार (गुहार)। (सूरतुल् जिन्न १८)

३) जुन सुकै व्यक्ति पनि रसूलहरूको आज्ञाकारी छ र अल्लाहलाई एक मान्दछ भने त्यस व्यक्तिको लागि यो जायज छैन कि उनीहरूसित कुनै किसिमको सम्बन्ध

राखोस्, जसले अल्लाह र उहाँको रसूललाई मानेनन्। चाहे ती त्यस व्यक्तिको निकटतम् सम्बन्धी किन नहोउन् । किनकि अल्लाह तआलाले भन्नु भएको छः

﴿لَّا تَجِدُ قَوْمًا يُؤْمِنُونَ بِٱللَّهِ وَٱلْيَوْمِ ٱلْـَٔاخِرِ يُوَآدُّونَ مَنْ حَآدَّ ٱللَّهَ وَرَسُولَهُۥ وَلَوْ كَانُوٓا۟ ءَابَآءَهُمْ أَوْ أَبْنَآءَهُمْ أَوْ إِخْوَٰنَهُمْ أَوْ عَشِيرَتَهُمْ ۚ أُو۟لَـٰٓئِكَ كَتَبَ فِى قُلُوبِهِمُ ٱلْإِيمَـٰنَ وَأَيَّدَهُم بِرُوحٍ مِّنْهُ﴾ [المجادلة: ٢٢]

अर्थः जसले अल्लाह र प्रलयको दिनमाथि आस्था राख्दछन्, उनीहरूलाई अल्लाह र उहाँको रसूलका दुश्मनहरूसित मित्रता गरेको तिमीले पाउँदैनौ । चाहे उनीहरू तिनीहरूका बाबु वा छोरा वा भाइ वा उनको खलककै मानिसहरू किन नहोऊन्। यी नै ती मानिसहरू हुन्, जसको हृदयमा अल्लाहले ईमान लेखिदिनु भएको छ र अदृश्य अनुकम्पाले उनीहरूलाई सहायता गर्नु भएको छ । (सूरतुल् मुजादला २२)

यो पनि जान्नु अवश्यक छ कि (अलहनीफीयः) इब्राहीमको धर्म त्यो हो जसमा तपाईंले मात्र एक अल्लाहको उपासना शुद्ध धामिर्क भक्तिसित गर्नुपर्छ । यसैको आदेश अल्लाहले सबै मानिसहरुलाई दिनु भएको छ र निश्चय नै अल्लाहले सबै लाई यसैको लागि सृष्टि गर्नु भएको छ । अल्लाहले मानव र जिन्नातलाई सृष्टि गर्नुको उद्देश्यको बारेमा भन्नु भएको छः

﴿وَمَا خَلَقْتُ ٱلْجِنَّ وَٱلْإِنسَ إِلَّا لِيَعْبُدُونِ﴾ [الذاريات: ٥٦]

अर्थः मैले जिन्न र मनुष्यलाई केवल आफ्नो उपासनाको लागि नै सृष्टि गरेको हुँ। (सूरतुज्जारियात ५६)

अल्लाहको उपासनाको सबैभन्दा ठूलो आदेश तौहीद हो (उपासना योग्य उहाँ एक्लो हुनुहुन्छ), कोही पनि उहाँको साभ्मी छैन्। अल्लाह तआलाले भन्नु भएको छः

﴿وَٱعْبُدُوا۟ ٱللَّهَ وَلَا تُشْرِكُوا۟ بِهِۦ شَيْـًٔا﴾ [النساء: ٣٦]

अर्थः अल्लाहको उपासना (इबादत) गर र उहाँको साथमा कसैलाई साभ्मी न बनाऊ। (सूरतुन्निसा ३६)

# तीन मूल आधार

यदि तपाईंसित इस्लामको तीन मूल आधारको बारेमा प्रश्न गरिन्छ, जुन प्रत्येक मुसलमानले जान्नु अति आवश्यक छ। त तपाईको उत्तर यो हुनुपर्दछ कि, एक भक्तलाई आफ्नो अल्लाह (ईश्वर), उसको धर्म र उसको रसूल मुहम्मद (उहाँमाथि अल्लाहको शान्ति होस्) को बारेमा अवश्य नै ज्ञान हुनुपर्छ।

# प्रथम मूल आधार

## अल्लाहको विषयमा ज्ञान:

यदि तपाईंसित यो प्रश्न गरिन्छ कि तपाईको रब (पालनहार) को हो? तब तपाई भन्नुस्: मेरो पालनहार अल्लाह हुनुहुन्छ, जो सारा ब्रम्हाण्डको पालनहार हुनुहुन्छ, उहाँ नै मेरो पूज्य हुनुहुन्छ । उहाँ बाहेक अरु कोही पूजनीय छैन किन कि यो कुरा कुर्आनबाट प्रमाणित छ । अल्लाहले भन्नु भएको छ:

﴿ٱلۡحَمۡدُ لِلَّهِ رَبِّ ٱلۡعَٰلَمِينَ﴾ [الفاتحة: ٢]

अर्थ: समस्त प्रकारका प्रशंसा अल्लाहकै लागि छन्, जुन समस्त जगतको पालनकर्ता हुनुहुन्छ । (सूरतुल् फातिहा २)

अल्लाह बाहेक अरु सबै बस्तु उहाँका मखलूक (सृष्टि) हुन र म त्यस सृष्टिको एउटा भाग हूँ ।

यदि तपाईंसित यो सोधिन्छ कि तपाईंले आफ्नो पालनहारलाई कसरी चिन्नु भयो?

तब तपाई भन्नुस्: मैले उहाँलाई उहाँको निशानीहरूको माध्यमबाट चिनें । उहाँका सृष्टिका वस्तुहरु तथा समय दिन, रात्री, सूर्य, चन्द्र, सातवटा आकाश र पृथ्वी अनि त्यसभित्र

भएका जीवजन्तु र आकाश र पृथ्वीको बीचमा भएका सबै सृष्टिद्वारा मैले आफ्नो पालनहारलाई चिनें । प्रमाणको लागि अल्लाहका निम्न भनाइहरु हेरौं:

﴿وَمِنْ ءَايَـٰتِهِ ٱلَّيْلُ وَٱلنَّهَارُ وَٱلشَّمْسُ وَٱلْقَمَرُ ۚ لَا تَسْجُدُوا۟ لِلشَّمْسِ وَلَا لِلْقَمَرِ وَٱسْجُدُوا۟ لِلَّهِ ٱلَّذِى خَلَقَهُنَّ إِن كُنتُمْ إِيَّاهُ تَعْبُدُونَ﴾ [فصلت: ٣٧]

अर्थ: ...रात र दिन, सूर्य र चन्द्र उहाँका निशानीहरू मध्येका हुन् । तिमीहरूले न सूर्यलाई पूजा (दण्डवत) गर नत चन्द्रमालाई, बरु अल्लाहलाई नै दण्डवत (पूजा) गर, जसले यी कुराहरूलाई सृष्टि गर्नु भएको छ, यदि तिमी उहाँको उपासक हौ भने । (सूरतु फुस्सिलत ३७)

अर्को ठाउँमा अल्लाहले भन्नु भएको छ:

﴿إِنَّ رَبَّكُمُ ٱللَّهُ ٱلَّذِى خَلَقَ ٱلسَّمَـٰوَٰتِ وَٱلْأَرْضَ فِى سِتَّةِ أَيَّامٍ ثُمَّ ٱسْتَوَىٰ عَلَى ٱلْعَرْشِ يُغْشِى ٱلَّيْلَ ٱلنَّهَارَ يَطْلُبُهُۥ حَثِيثًا وَٱلشَّمْسَ وَٱلْقَمَرَ وَٱلنُّجُومَ مُسَخَّرَٰتٍۭ بِأَمْرِهِۦٓ ۗ أَلَا لَهُ ٱلْخَلْقُ وَٱلْأَمْرُ ۗ تَبَارَكَ ٱللَّهُ رَبُّ ٱلْعَـٰلَمِينَ﴾ [الأعراف: ٥٤]

अर्थ: नि:सन्देह तिम्रो पालनकर्ता अल्लाह नै हुनुहुन्छ, जसले आकाशहरू र पृथ्वीलाई, छ (६) दिनमै सृष्टि गर्नु भयो र त्यस पश्चात आफ्नो अर्श (सिंहसान) माथि उच्च (बिराजमान) हुनु भयो, उहाँले नै रातबाट दिनलाई यसरी ढाकिदिनु हुन्छ कि दिन रातको पछि दौडेर आउँछ । अनि सूर्य, चन्द्र र ताराहरूको यसरी सृष्टि गर्नु भयो कि सबै उहाँको आदेशको अधीनमा हुन्छन् । हेर! सम्पूर्ण सृष्टि उहाँकै हो र आदेश पनि

उहाँकै चल्छ। अल्लाह सर्वगुण सम्पन्न, कल्याणकारी र सम्पूर्ण ब्रह्माण्डको पालनकर्ता हुनुहुन्छ। (सूरतुल् अअ्‌राफ: ५४)

त जुन मालिक एवं पालनहार हो त्यो नै उपासना योग्य पूजनीय हुन्छ। यसको प्रमाण अल्लाहले यसरी दिनु भएको छ:

﴿ يَٰٓأَيُّهَا ٱلنَّاسُ ٱعۡبُدُواْ رَبَّكُمُ ٱلَّذِي خَلَقَكُمۡ وَٱلَّذِينَ مِن قَبۡلِكُمۡ لَعَلَّكُمۡ تَتَّقُونَ ٢١ ٱلَّذِي جَعَلَ لَكُمُ ٱلۡأَرۡضَ فِرَٰشٗا وَٱلسَّمَآءَ بِنَآءٗ وَأَنزَلَ مِنَ ٱلسَّمَآءِ مَآءٗ فَأَخۡرَجَ بِهِۦ مِنَ ٱلثَّمَرَٰتِ رِزۡقٗا لَّكُمۡۖ فَلَا تَجۡعَلُواْ لِلَّهِ أَندَادٗا وَأَنتُمۡ تَعۡلَمُونَ ﴾ [البقرة: ٢١ – ٢٢]

अर्थ: हे मानिसहरू! आफ्नो पालनकर्ताको उपासना गर जसले तिमी र तिमीभन्दा पहिलाका मानिसहरूको सृष्टि गर्नु भयो, ताकि तिमीहरू सदाचारी बन्न सक। जसले तिम्रो लागि पृथ्वीलाई ओछ्यान र आकाशलाई छत बनाउनु भयो अनि आकाशबाट वर्षा गराएर त्यसद्वारा तिम्रो आहारको निम्ति थरी-थरीका फल-फूल उत्पादन गराउनु भयो । खबरदार! जानी-जानी कसैलाई अल्लाहको साझी नबनाऊ । (सूरतुल बकर: २१,२२)

इब्ने कसीर (रहिमहुल्लाह)ले भनेका छन्: “यस प्रकारका सबै बस्तुको रचनाकर्ता नै उपासनाको अधिकारी हुन्छ” ।

अल्लाहद्वारा निम्न प्रकारको उपासना निर्देशित गरिएको छ जस्तो कि ! अल्लाहको समक्ष पूर्णरूपले आफूलाई समर्पित गर्नु (इस्लाम), विश्वास आस्था (ईमान), परोपकार (एहसान), बिन्ती (दुआ), डर (खौफ), आशा (रजा), भरोसा (तवक्कुल),

इच्छा (रगबः), भय (रहबः), उपासना (इबादत), डर (खशियः), प्रवृत्तहुनु (इनाबः), सहायताको प्रार्थना (इस्तेआनः) शरणको बिन्ती (इस्तेआजः) सहायताको बिन्ती (इस्तेगासा) बलि (जब्ह) भाकल, भेंट र मन्नत (नजर) आदि..... यस्तै किसिमका अरु उपासनाको निर्देश अल्लाहले दिनु भएको छ । ती सबै उपासनाहरु अल्लाहको लागि मात्र विशेष छन् जो अत्यन्तै प्रशंसनीय हुनुहुन्छ। यसको प्रमाणको लागि अल्लाहले कुर्आनमा भन्नु भएको छः

﴿وَأَنَّ ٱلْمَسَٰجِدَ لِلَّهِ فَلَا تَدْعُوا۟ مَعَ ٱللَّهِ أَحَدًا﴾ [الجن: ١٨]

अर्थः र यी मस्जिदहरू अल्लाहकै लागि हुन् तसर्थ यसमा अल्लाहको साथ कसैलाई न पुकार । (सूरतुल् जिन्न १८)

त्यसैगरी अर्को ठाउँमा भन्नु भएको छः

﴿وَقَضَىٰ رَبُّكَ أَلَّا تَعْبُدُوٓا۟ إِلَّآ إِيَّاهُ﴾ [الإسراء: ٢٣]

अर्थः तिम्रो पालनहारले आदेश दिनु भएको छ कि उहाँ बाहेक कसैलाई नपूज । (सूरतुल इस्रा २३)

अर्थातः यदि कसैले उपरोक्त अल्लाहका अधिकारलाई कसै अरुप्रति सम्बन्धित अथवा सम्बोधित गर्छ भने त्यो व्यक्ति अल्लाहको विद्रोही एवं अविश्वासी हो । किनकि अल्लाहले भन्नु भएको छः

﴿وَمَن يَدْعُ مَعَ ٱللَّهِ إِلَٰهًا ءَاخَرَ لَا بُرْهَٰنَ لَهُۥ بِهِۦ فَإِنَّمَا حِسَابُهُۥ عِندَ رَبِّهِۦٓ ۚ إِنَّهُۥ لَا يُفْلِحُ ٱلْكَٰفِرُونَ﴾ [المؤمنون: ١١٧]

अर्थः जसले पनि अल्लाहको साथमा कुनै अरुलाई पुकार्छ, जसको बारेमा ऊसित कुनै प्रमाण छैन, निःसंदेह उसको हिसाब उसको पालनहारको पास छ । निःसंदेह काफिर (अवज्ञाकारी) हरू कहिल्यै सफल हुने छैनन् । (सूरतुल् मुमिनून ११७)

### प्रार्थनाः (दुआ)

हदीसमा छ "प्रार्थना उपासनाको असल मर्म (मूल तथ्य) हो"। (त्रिमिजीः ३३७१) यस सम्बन्धमा अल्लाह तआलाले भन्नु भएको छः

﴿وَقَالَ رَبُّكُمُ ادْعُونِي أَسْتَجِبْ لَكُمْ إِنَّ الَّذِينَ يَسْتَكْبِرُونَ عَنْ عِبَادَتِي سَيَدْخُلُونَ جَهَنَّمَ دَاخِرِينَ﴾ [غافر: ٦٠]

अर्थः र तिम्रो पालनकर्ताको आदेश छ कि "तिमी मसित प्रार्थना गर, म तिम्रो प्रार्थना स्वीकार गर्नेछु । जुन मानिसहरू मेरो उपासनाबाट घमण्डले अहंकार गर्छन्, अति शीघ्र नर्कमा तिरस्कृत भई प्रवेश गर्नेछन् । (सूरतु गाफिर ६०)

### डरः (खौफ)

शैतानले विभिन्न बहानामा मानिसलाई डर देखाउने भएकोले अल्लाह तआलाले शैतानसित नडर मात्र मसित डर, भन्ने कुरा स्पष्ट पार्दै भन्नु भएको छः

﴿فَلَا تَخَافُوهُمْ وَخَافُونِ إِن كُنتُم مُّؤْمِنِينَ﴾ [آل عمران: ١٧٥]

अर्थः तिमी उनीहरुसित नडर केवल (मात्र) मसित डर

यदि तिमी वास्तवमा ईमानवाला (आस्थावान) हौ भने। (सुरतु आले इम्‌रान १७५)

## आशा (रजा)

यसको प्रमाणको लागि अल्लाह तआलाले भन्नु भएको छः

﴿فَمَن كَانَ يَرْجُوا۟ لِقَآءَ رَبِّهِۦ فَلْيَعْمَلْ عَمَلًا صَٰلِحًا وَلَا يُشْرِكْ بِعِبَادَةِ رَبِّهِۦٓ أَحَدًۢا﴾ [الكهف: ١١٠]

अर्थः जो पनि आफनो पालनहारसित साक्षात्कारको आशा राख्दछ , त्यसलाई आवश्यक छ कि असलकर्म गरोस्‌ र आफ्नो पालनकर्ताको उपासनामा कसैलाई साझेदार न बनाओस्‌ । (सूरतुल क़हफ ११०)

## भरोसा (तवक्कुल)

प्रत्येक आस्थावानले अल्लाह तआलामाथि नै भरोसा गर्नु पर्दछ, किनकि अल्लाह तआलाले भन्नु भएको छः

﴿وَعَلَى ٱللَّهِ فَتَوَكَّلُوٓا۟ إِن كُنتُم مُّؤْمِنِينَ﴾ [المائدة: ٢٣]

अर्थः ....अल्लाहमाथि भरोसा राख यदि तिमी अल्लाहमाथि ईमान राख्दछौ । (सूरतुल माइदः २३)

त्यसैगरी अल्लाहमाथि भरोसा गर्नेको लागि अल्लाह तआला नै पर्याप्त हुनुहुन्छ भन्ने कुरा पनि जानकारी दिनु भएको छः

﴿وَمَن يَتَوَكَّلْ عَلَى ٱللَّهِ فَهُوَ حَسْبُهُۥٓ﴾ [الطلاق: ٣]

अर्थः र जसले पनि अल्लाहमाथि भरोसा गर्दछ, अल्लाह त्यसको लागि पर्याप्त हुनु हुन्छ । (सूरतुत्तलाकः ३)

## आशा भय र श्रद्धा

आशा, भय र श्रद्धाबारे पनि अल्लाह तआलाले कैयौं सन्देष्टाहरुको आचरणको बारेमा वर्णन गर्दै भन्नु भएको छ:

﴿إِنَّهُمْ كَانُوا يُسَارِعُونَ فِي الْخَيْرَاتِ وَيَدْعُونَنَا رَغَبًا وَرَهَبًا وَكَانُوا لَنَا خَاشِعِينَ﴾ [الأنبياء: ٩٠]

अर्थ: यिनीहरू राम्रो कार्यको लागि हतार गर्थे र हामीलाई आशा र भयको साथमा पुकार्थे अनि हामी समक्ष श्रद्धाले याचना गरिरहन्थे। (सूर:अम्बिया ९०)

## भयत्रास (खशियः)

भयत्रासको बारेमा पनि भन्नु भएको छ:

﴿فَلَا تَخْشَوْهُمْ وَاخْشَوْنِ﴾ [المائدة: ٣]

अर्थ: तिमी उनीहरूसित नडर मसित डर। (सूरतुल् माइदः ३)

## पलटनु–प्रवृत्तहुनु (इनाब)

फर्कनु कुन प्रकारको हो? यस सम्बन्धमा अल्लाह तआलाले भन्नु भएको छ:

﴿وَأَنِيبُوا إِلَىٰ رَبِّكُمْ وَأَسْلِمُوا لَهُ﴾ [الزمر: ٥٤]

अर्थ: र तिमीहरू आफनो पालनहारतिर प्रवृत्त होऊ र उनको अज्ञाकारी बन। (सूरतुज्जुमर ५४)

## सहायताको प्रार्थना (इस्तेआनः)

अल्लाहको भनाई छ प्रार्थनाको प्रमाणको सन्दर्भमाः

﴿إِيَّاكَ نَعۡبُدُ وَإِيَّاكَ نَسۡتَعِينُ﴾ [الفاتحة: ٥]

अर्थः हामी तपाईंकै उपासना गर्छौं र तपाईंसितै सहायता माँग्दछौं। (सूरतुल फातेहा ५)

अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छ :

अर्थः तिमी सहायता मात्र अल्लाहसित माँग। (त्रिमिजीः २५१६, अहमदः १/३०८)

## शरणको बिन्ती (इस्तेआजः)

शरण पनि अल्लाहकै माग्नु पर्दछ, अल्लाह तआलाले मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमलाई आदेश दिनु भएको छ कि -

﴿قُلۡ أَعُوذُ بِرَبِّ ٱلنَّاسِ ۝١ مَلِكِ ٱلنَّاسِ ۝٢ إِلَٰهِ ٱلنَّاسِ﴾ [الناس: ١-٢]

अर्थः भनिदेऊ! म मानिसहरुको पालनहारको शरण माग्दछु। मानिसहरुको स्वामी (शरण)। (सूरतुन्नास १-२)

## सहायताको बिन्ती (इस्तेगासः)

सहायताको बिन्ती अल्लाहले कुन प्रकार सुन्नु भयो त्यसको प्रमाण कुर्आनमा यस्तो छः

﴿إِذْ تَسْتَغِيثُونَ رَبَّكُمْ فَٱسْتَجَابَ لَكُمْ أَنِّي مُمِدُّكُم بِأَلْفٍ مِّنَ ٱلْمَلَٰٓئِكَةِ مُرْدِفِينَ﴾ [الأنفال: ٩]

अर्थ: जब तिमीले आफ्नो पालनहारसित सहायताको बिन्ती गरेका थियौ, तब अल्लाहले तिम्रो पुकारलाई सुन्नु भयो र (भन्नु भयो) म तिमीहरूलाई एक हजार फरिश्ताहरूद्वारा मद्दत गर्नेछु, जो लगातार आउँदै गर्नेछन्। (सूर: अलअन्फाल ९)

## बलिदान (जब्ह)

बलिदान अल्लाहको लागि मात्र गरिनु पर्दछ। जानकारी गराउँदै अल्लाह तआलाले मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमलाई भन्नु भएको छ:

﴿قُلْ إِنَّ صَلَاتِي وَنُسُكِي وَمَحْيَايَ وَمَمَاتِي لِلَّهِ رَبِّ ٱلْعَٰلَمِينَ ١٦٢ لَا شَرِيكَ لَهُۥ وَبِذَٰلِكَ أُمِرْتُ وَأَنَا۠ أَوَّلُ ٱلْمُسْلِمِينَ﴾ [الأنعام: ١٦٢ - ١٦٣]

अर्थ: भनिदेऊ! निःसंदेह मेरो नमाज, मेरो बलिदान, मेरो जीवन र मेरो मृत्यु सबै अल्लाहकै लागि हुन् जो समस्त ब्रम्हाण्डको पालनहार हुनुहुन्छ। उहाँको कोही साझीदार छैन्। यसैको मलाई आदेश दिइएको छ र म (यस काममा) सबैभन्दा पहिलो आज्ञाकारी व्यक्ति हुँ। (सूरतुल् अन्आम १६२, १६३)

मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भएको छ:

"لعن الله من ذبح لغير الله".

अर्थ: अल्लाहको लानत (धिक्कार) होस् त्यस व्यक्तिमाथि

जसले अल्लाह बाहेक अन्यको लागि बलि दिन्छ । (मुस्लिमः १९७८, नसाईः ४४२२, अहमदः १/११८)

## नजर (भाकल, भेंट, मन्नत)

नास्तिकहरुको लागि कठोर यातनाको धम्की पश्चात, आस्थावान र सदाचारीहरुको विशेषताको चर्चा गर्दै अल्लाह तआलाले भन्नु भएको छः

﴿يُوفُونَ بِٱلنَّذۡرِ وَيَخَافُونَ يَوۡمٗا كَانَ شَرُّهُۥ مُسۡتَطِيرٗا﴾ [الإنسان: ٧]

अर्थः यिनीहरूले मन्नत (भाकल) लाई पूर्ण गर्दछन् र त्यस दिनबाट डर्छन् जसको बिपत्ती चारैतर्फ फैलिएको हुनेछ । (सूरतुद्दहर ७)

# दोस्रो मूल आधार
## “प्रमाणद्वारा इस्लामको ज्ञान”

यो ज्ञान आफूलाई मात्र एक अल्लाहप्रति समर्पित गरिदिनु, उहाँको आदेशहरूको पालना गर्नु, उहाँले बनाएको नियमलाई मान्नु, त्यसै नियमअनुसार आफ्नो जीवनलाई व्यतीत गर्नु अनि शिर्क (बहुदेववाद) र मुश्रिक बहुदेववादीहरूसित अलग रहनु हो ।

यो ज्ञान तीन श्रेणीमा विभाजित छः

१) इस्लाम (झुक्नु, समर्पण गर्नु, नतमस्तक हुनु)

२) ईमान (विश्वास, आस्था)

३) एहसान (परोपकार)

# प्रथम श्रेणी इस्लाम

इस्लामका पाँच स्तम्भहरू (आधारहरू) छन् ।

१) यो गवाही दिनु कि अल्लाह बाहेक अरु कोही पनि सत्य पूज्य छैन र मुहम्मद (उहाँमाथि अल्लाहको शान्ति होस्) अल्लाहको रसूल (सन्देष्टा) हुनुहुन्छ ।

२) नमाज़ पढ्नु ।

३) ज़कात (धर्मादय) दिनु ।

४) रमज़ानको रोज़ा (ब्रत) बस्नु ।

५) पवित्र काबाको हज (परिक्रमा) गर्नु ।

अल्लाहद्वारा गवाही दिनुको प्रमाण:

﴿ شَهِدَ ٱللَّهُ أَنَّهُۥ لَآ إِلَٰهَ إِلَّا هُوَ وَٱلْمَلَٰٓئِكَةُ وَأُو۟لُوا۟ ٱلْعِلْمِ قَآئِمًۢا بِٱلْقِسْطِ ۚ لَآ إِلَٰهَ إِلَّا هُوَ ٱلْعَزِيزُ ٱلْحَكِيمُ ﴾ [آل عمران: ١٨]

अर्थ: अल्लाहले गवाही दिनु भएको छ, उहाँ बाहेक कोही सत्य पूज्य छैन । त्यसैगरी फरिस्ताहरु र ज्ञानीहरुले पनि उक्त कुराको गवाही दिएका छन् । वास्तवमा उहाँ नै न्याय र निसाफकर्ता हुनुहुन्छ। उहाँ बाहेक अरु कोही सत्य पूज्य छैन। उहाँ सर्वशक्तिमान एवं तत्वदर्शी हुनुहुन्छ । (सूरतु आले इम्रान १८)

यसको अर्थ यो हुन्छ कि पूजा योग्य केवल अल्लाह नै हुनुहुन्छ, उहाँ बाहेक कोही पूजा योग्य छैन । अर्थात: हामी एक अल्लाहलाई मात्र स्वीकार गर्छौं र अरु सबै असत्य पूज्यहरुलाई इन्कार गर्छौं । अल्लाहको कोही साझीदार छैन उहाँ नै उपासनाको योग्य हुनुहुन्छ भने उहाँको अधिकारको क्षेत्रमा उहाँको साझी को हुन सक्छ ? अल्लाहले इब्राहीम अलैहिस्सलामको वृतान्त बयान गर्दै भन्नु भएको छ:

﴿ وَإِذْ قَالَ إِبْرَٰهِيمُ لِأَبِيهِ وَقَوْمِهِۦٓ إِنَّنِى بَرَآءٌ مِّمَّا تَعْبُدُونَ ﴿٢٦﴾ إِلَّا ٱلَّذِى فَطَرَنِى فَإِنَّهُۥ سَيَهْدِينِ ﴿٢٧﴾ وَجَعَلَهَا كَلِمَةًۢ بَاقِيَةً فِى عَقِبِهِۦ لَعَلَّهُمْ يَرْجِعُونَ ﴾ [الزخرف: ٢٦-٢٨]

अर्थ: जब इब्राहीमले आफ्नो पिता र आफ्नो समुदायसित भने: तिमीहरू जसको पूजा गर्छौ उनीहरुसित मेरो केही सम्बन्ध छैन् । (मेरो सम्बन्ध त उनीसित छ) जसले मलाई सृष्टि गरेका छन्, उनैले मलाई बाटो देखाउँछन्, र इब्राहीमले यही कुरा आफ्नो संततिको लागि छाडिगए, ताकि उनीहरू उसतर्फ फर्कुन । (सूरतुज्जुख्रुफ २६-२८)

त्यसैगरी अल्लाह तआलाले यो पनि भन्नु भएको छ:

﴿قُلْ يَٰٓأَهْلَ ٱلْكِتَٰبِ تَعَالَوْا۟ إِلَىٰ كَلِمَةٍ سَوَآءٍۭ بَيْنَنَا وَبَيْنَكُمْ أَلَّا نَعْبُدَ إِلَّا ٱللَّهَ وَلَا نُشْرِكَ بِهِۦ شَيْـًٔا وَلَا يَتَّخِذَ بَعْضُنَا بَعْضًا أَرْبَابًا مِّن دُونِ ٱللَّهِ ۚ فَإِن تَوَلَّوْا۟ فَقُولُوا۟ ٱشْهَدُوا۟ بِأَنَّا مُسْلِمُونَ ﴾ [آل عمران: ٦٤]

अर्थ: (ए मुहम्मद) भनिदेऊ हे अहलुल् किताब (पूर्व ग्रन्थवाहकहरु)! आऊ एउटा यस्तो कुरातर्फ जुन हामी र तिमी दुवैबीच समान छ, त्यो हो- हामी अल्लाह बाहेक कसैको

पूजा नगरौं र उहाँको साथमा कसैलाई साझीदार नठहराऊँ, न हामीमध्ये कोही अल्लाह बाहेक अरु कसैलाई पालनहार बनाऔं । यदि यसलाई स्वीकार गर्नबाट उनीहरू मान्दैनन् भने स्पष्ट भनिदेऊ, कि तिमीहरू साक्षी रहो हामी त मुस्लिम (अल्लाहका आज्ञापालक) हौं । (सूरतु आले इम्रान ६४)

अल्लाहको भनाइबाट मुहम्मद ﷺ रसूल भएको प्रमाण:

﴿لَقَدْ جَاءَكُمْ رَسُولٌ مِّنْ أَنفُسِكُمْ عَزِيزٌ عَلَيْهِ مَا عَنِتُّمْ حَرِيصٌ عَلَيْكُم بِالْمُؤْمِنِينَ رَءُوفٌ رَّحِيمٌ﴾ [التوبة: ١٢٨]

अर्थ: (ए मानिसहरू!) तिमीहरूको माझमा तिमीहरूमध्ये बाटै एउटा यस्ता सन्देष्टा आएका छन्, जो तिमीहरुको लागि हानीकारक कुराहरुबाट दुःखी हुन्छन् र तिमीहरुको भलाइको निम्ति चिन्तित रहन्छन् अनि आस्थावानहरूलाई निकै माया गर्ने र दयालु छन् । (सूरतुत्तौबा १२८)

"मुहम्मद" ﷺ अल्लाहको सन्देष्टा हुनुहुन्छ । भन्ने कुरा गवाही दिनुको अर्थ यो हो कि उहाँले जुन आदेश दिनु भएको छ त्यसको पालना गर्नु र जुन पनि कुराहरु भन्नु हुन्छ, त्यसमाथि विश्वास गर्नु, ती सबै कुराहरूबाट रुक्नु जसबाट उहाँले रोक्नु भएको छ र अल्लाहको उपासना त्यस्तै गर्नु जस्तो उहाँले गर्नु भएको छ ।

नमाज, जकात (धर्मदाय), र अल्लाह एक भएको (एकेश्वर वादको) प्रमाण कुर्आनबाट:

﴿وَمَآ أُمِرُوٓاْ إِلَّا لِيَعۡبُدُواْ ٱللَّهَ مُخۡلِصِينَ لَهُ ٱلدِّينَ حُنَفَآءَ وَيُقِيمُواْ ٱلصَّلَوٰةَ وَيُؤۡتُواْ ٱلزَّكَوٰةَۚ وَذَٰلِكَ دِينُ ٱلۡقَيِّمَةِ﴾ [البينة: ٥]

अर्थः उनीहरूलाई यही मात्र आदेश दिइएको थियो कि निष्ठापूर्वक अल्लाहको उपासना गरुन् र एकाग्र भएर उहाँकै लागि धर्मलाई शुद्ध राखुन् अनि निष्ठाका साथ नमाज़ पढुन् एवं ज़कात देऊन् र यही नै सबैको साँचो धर्म हो । (सूरतुल् बैयिनः ५)

अल्लाहको भनाइबाट ब्रतको प्रमाणः

﴿يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ كُتِبَ عَلَيۡكُمُ ٱلصِّيَامُ كَمَا كُتِبَ عَلَى ٱلَّذِينَ مِن قَبۡلِكُمۡ لَعَلَّكُمۡ تَتَّقُونَ﴾ [البقرة: ١٨٣]

अर्थः हे आस्थावान तिमीहरूमाथि व्रत अनिवार्य गरिएको छ, जुन प्रकारले तिमीहरूभन्दा पहिलाकाहरूमाथि अनिवार्य गरिएको थियो, ताकि तिमीहरू संयमी (परहेजगार) बन्न सक । (सूरतुल बकरः १८३)

अल्लाहको भनाइबाट हजको प्रमाणः

﴿وَلِلَّهِ عَلَى ٱلنَّاسِ حِجُّ ٱلۡبَيۡتِ مَنِ ٱسۡتَطَاعَ إِلَيۡهِ سَبِيلٗاۚ وَمَن كَفَرَ فَإِنَّ ٱللَّهَ غَنِيٌّ عَنِ ٱلۡعَٰلَمِينَ﴾ [آل عمران: ٩٧]

अर्थः मानिसहरूमाथि अल्लाहको हक यो छ कि जसले त्यस घर (काबा) सम्म पुग्ने सामर्थ्य राख्दछ, त्यसले हज (धार्मिक यात्रा) गरोस् । कसैले यदि यस आदेशको पालना गर्दैन भने अल्लाह सम्पूर्ण संसारबाट निस्पृह हुनुहुन्छ । (सूरतु आले इम्रान ९७)

# दोस्रो श्रेणी ईमान

ईमानको सत्तर ७० हाँगा (शाखा) हरू छन् । त्यसमध्ये सर्वश्रेष्ठ हो, अल्लाह बाहेक अरु कोही सत्य पूज्य छैन भनि गवाही दिनु र सबैभन्दा न्युनतम् श्रेणी हो बाटोबाट दुःखदायी वस्तुलाई हटाउनु ।

ईमानका ६ स्तम्भ (आधार) हरू छन्

१) अल्लाहमाथि विश्वास गर्नु ।

२) उहाँका फरिश्ताहरूमाथि विश्वास गर्नु ।

३) उहाँले अवतरित गरेका किताबहरूमाथि विश्वास गर्नु ।

४) उहाँका रसूलहरूमाथि विश्वास गर्नु ।

५) प्रलयको दिनको हिसाबमाथि विश्वास गर्नु ।

६) राम्रो अथवा नराम्रो भाग्यमाथि विश्वास गर्नु ।

ईमान ल्याउनु (आस्थावान हुनु) को प्रमाण अल्लाहको भनाइबाट:

﴿ لَّيْسَ ٱلْبِرَّ أَن تُوَلُّوا۟ وُجُوهَكُمْ قِبَلَ ٱلْمَشْرِقِ وَٱلْمَغْرِبِ وَلَٰكِنَّ ٱلْبِرَّ مَنْ ءَامَنَ بِٱللَّهِ
وَٱلْيَوْمِ ٱلْءَاخِرِ وَٱلْمَلَٰٓئِكَةِ وَٱلْكِتَٰبِ وَٱلنَّبِيِّۦنَ ﴾ [البقرة: ١٧٧]

अर्थ: यसमा भलाई (पुण्य) छैन् कि तिमीहरू आफ्नो अनुहार पूर्व र पश्चिमतर्फ गर, बरु भलाई यो हो कि मान्छे अल्लाहमाथि, प्रलयको दिनमाथि, अल्लाहको फरिश्ताहरूमाथि, अल्लाहको किताबहरूमाथि र उहाँका नबीहरूमाथि आस्था राख्दछन् । (सूरतुल् बकर: १७७)

अल्लाहको भनाइबाट भाग्यको प्रमाण:

﴿إِنَّا كُلَّ شَيۡءٍ خَلَقۡنَٰهُ بِقَدَرٖ﴾ [القمر: ٤٩]

अर्थ: हामीले प्रत्येक बस्तुलाई एउटा निर्धारित माप र अनुमानको साथ सृष्टि गरेका छौं । (सूरतुल क़मर ४९)

# तेस्रो श्रेणी:

# एहसान (परोपकार)

एहसानको मात्र एउटै स्तम्भ छ, त्यो हो: तपाईंले अल्लाहको उपासना यसरी गर्नुस् जस्तो कि तपाईंले उहाँलाई देखिरहनु भएको छ । यदि तपाईंले यस्तो महसूस गर्न सक्नुहुन्न भने सोच्नुहोस् कि अल्लाहले तपाईंलाई देखिरहनु भएको छ ।

प्रमाणको लागि अल्लाहको यो भनाइ हेर्नुहोस् ।

﴿ إِنَّ ٱللَّهَ مَعَ ٱلَّذِينَ ٱتَّقَواْ وَّٱلَّذِينَ هُم مُّحۡسِنُونَ ﴾ [النحل: ١٢٨]

अर्थ: निश्चित मान कि अल्लाह उनीहरूको साथमा हुनुहुन्छ जो असल, संयमी एवं उपकारी छन् । (सूरतुन्नहल १२८)

यसै सम्बन्धि अर्को ठाउँमा अल्लाह ताआलाले भन्नु भएको छ :

﴿ وَتَوَكَّلۡ عَلَى ٱلۡعَزِيزِ ٱلرَّحِيمِ ٢١٧ ٱلَّذِي يَرَىٰكَ حِينَ تَقُومُ ٢١٨ وَتَقَلُّبَكَ فِي ٱلسَّٰجِدِينَ ٢١٩ إِنَّهُۥ هُوَ ٱلسَّمِيعُ ٱلۡعَلِيمُ ﴾ [الشعراء: ٢١٧ – ٢٢٠]

अर्थ: तिमी प्रभुत्वशाली एवं दयावान अल्लाहमाथि पूर्ण भरोसा गर । जसले तिमीलाई देखिरहनु हुन्छ त्यस समयमा,

जब तिमी उठ्छौ र नमाजीहरूको साथ तिम्रो गतिविधिमाथि पनि उहाँको निगाह (दृष्टि) हुन्छ। निःसंदेह उहाँ सबै सुन्ने एवं देख्नेवाला हुनुहुन्छ। (सूरतुश् शुअ्रा २१७-२२०)

त्यसैगरी प्रत्येक कुराहरुबाट अवगत भएको बारेमा भन्नु भएको छः

﴿ وَمَا تَكُونُ فِي شَأْنٍ وَمَا تَتْلُواْ مِنْهُ مِن قُرْءَانٍ وَلَا تَعْمَلُونَ مِنْ عَمَلٍ إِلَّا كُنَّا عَلَيْكُمْ شُهُودًا إِذْ تُفِيضُونَ فِيهِ ﴾ [يونس: ٦١]

अर्थः र तिमी जुन सुकै अवस्थामा हुन्छौ वा कुरआनबाट केही पाठ गर्छौ वा तिमीहरूले कुनै अन्य कामगर्दा जब त्यसमा संलग्न हुन्छौ, हामी त्यसको जानकारी राख्दछौं... । (सूरतु यूनुस ६१)

जिब्रील अलैहिस्सलामको एउटा प्रसिद्ध हदीसबाट प्रमाणः

अर्थः उमर बिन खत्ताब (अल्लाह उहाँसित राजी होउन्) ले भन्नु भयोः एक दिन हामीहरू अल्लाहको रसूलको वरिपरि बसेका थियौं, त्यतिकैमा एउटा व्यक्ति आयो जसको कपाल कालो थियो, लुगा सफा सुग्घर थिए । त्यसको अनुहारमा यात्राको लक्षण पनि थिएन् र हामीमध्ये कसैले पनि उसलाई चिन्दैनथ्यो । त्यो व्यक्ति प्रिय सन्देष्टा ﷺ को नजीक बस्यो अनि आफ्ना घुँडा उहाँको घुँडासित जोड्यो र आफ्नो हातलाई उहाँको तिघ्रामाथि राखेर सोध्यो- हे मुहम्मद! मलाई इस्लामको बारेमा बताउनुस्, उहाँले भन्नु भयोः तिमी गवाही देऊ कि

अल्लाह बाहेक अरु कोही सत्य पूजनीय छैन र मुहम्मद अल्लाहको रसूल हुन, नमाज पढ, जकात देऊ, रमजानको ब्रत बस र अल्लाहको घरको हज्ज गर, यदि हज्ज गर्नसक्ने क्षमता छ भने । अनि त्यसले भन्यो तपाईंले सत्य भन्नु भयो । (उमर बिन खत्ताब भन्नु भयो) हामीलाई आश्चर्य लाग्यो कि त्यो प्रश्न पनि गर्छ अनि सहमति पनि जनाउँछ । फेरि उसले प्रश्न गऱ्यो मलाई ईमानको बारेमा बताउनुस् । उहाँ ﷺ ले भन्नु भयो: तिमी ईमान (आस्था) राख अल्लाहमाथि, उहाँका फरिश्ताहरू माथि, उहाँका किताबहरूमाथि, उहाँका रसूलहरूमाथि, प्रलयको दिनमाथि र राम्रो नराम्रो भाग्यमाथि । उसले भन्यो: मलाई एहसानको बारेमा बताउनुस् । उहाँले भन्नु भयो: तिमी अल्लाहको उपासना यसरी गर जस्तो कि तिमीले अल्लाहलाई देखिरहेका छौ, यदि तिमीले उहाँलाई देखेको महसूस गर्न सक्दैनौ भने, सोच कि उहाँले तिमीलाई देखिरहनु भएको छ । उसले फेरि प्रलयको दिनको बारेमा सोध्यो । उहाँले भन्नु भयो: प्रलयको दिनको बारेमा प्रश्न गरिएको व्यक्तिले प्रश्नकर्ताभन्दा धेरै जान्दैन् । उसले भन्यो त्यसका लक्षणहरूको बारेमा बताउनुस् । उहाँले भन्नुभयो नोकर्नी (दासी) ले आफ्नो मालिकलाई जन्माउने छे र तिमी (भविष्यमा) देख्ने छौ नाङ्गो खुट्टा हिंडने र फाटेको लूगा लगाउने (गोठाला) हरुले ठूला ठूला महल बनाउन एकअर्कामा प्रतिस्पर्धा गर्दै घमण्ड गर्ने छन्, उमर बिन खत्ताबले भन्नु भयो: फेरि त्यो व्यक्ति फर्केर गयो अनि नबी ﷺ एकछिन चुपलाग्नु

भयो अनि भन्नु भयोः हे उमर ! के तिमीले प्रश्नकर्तालाई चिन्यौ ? हामी सबैले उत्तर दियौं, अल्लाह र उहाँको रसूल अधिक जान्नु हुन्छ । तब उहाँले भन्नु भयोः ती जिब्रील थिए, तिमीहरूलाई तिम्रो धर्म सिकाउनको लागि आएका थिए । (मुस्लिम : ८, त्रिमिजीः २६१०, नसाई : ४९९०, अबू दाऊदः ४६९५, इब्ने माजाः ६३, अहमदः १/५२)

# तेस्रो मूल आधार

आफ्नो नबी मुहम्मद ﷺ को बारेमा ज्ञान प्राप्त गर्नु । उहाँको नाम मुहम्मद, बुवाको नाम अब्दुल्लाह, बाजेको नाम अब्दुल् मुत्तल्लिब र बुढाबाजेको नाम हाशिम हो । हाशिम कुरैश वंशबाट, कुरैश अरब वंशबाट र अरब इब्राहीम खलीलका पुत्र इस्माईलका वंशबाट थिए । उनीहरूमाथि अल्लाहको तर्फबाट दया र शान्ति होस् । मुहम्मद ﷺ ले ६३ वर्षको उमेर पाउनु भयो, जसमध्ये ४० वर्ष दूत चुनिनुभन्दा पहिले र २३ वर्ष दूतत्व पश्चातको जीन्दगी पाउनु भयो ।

मुहम्मद ﷺ त्यस समयमा नबी (दूत) चुनिनु भयो जब उहाँमाथि सूरः “इकरा” सूरह नम्बर ९६ अवतरित भयो र रसूल तब हुनु भयो जब उहाँमाथि सूरः “अलमुद्दस्सिर” सूरह नं. ७४ अवतरित भयो । उहाँको जन्मस्थल मक्का शहर हो । अल्लाहले उहाँलाई शिर्क (बहुदेववाद) लाई समाप्त गर्नको लागि र तौहीद (एकेश्वरवाद) को सन्देश दिनको लागि पठाउनु भएको थियो । यसको प्रमाण अल्लाहको यस भनाइबाट मिल्छः

﴿يَا أَيُّهَا الْمُدَّثِّرُ ۝١ قُمْ فَأَنذِرْ ۝٢ وَرَبَّكَ فَكَبِّرْ ۝٣ وَثِيَابَكَ فَطَهِّرْ ۝٤ وَالرُّجْزَ فَاهْجُرْ ۝٥
وَلَا تَمْنُن تَسْتَكْثِرُ ۝٦ وَلِرَبِّكَ فَاصْبِرْ﴾ [المدثر: ١ – ٧]

अर्थ: हे कपडा ओढ्नेवाले! उठ र सावधान गर अनि आफ्नो पालनहारको महानता वर्णन गर र आफ्नो लुगालाई पवित्र राख र अपवित्रतालाई छाडिदेऊ अनि कसैलाई यस चाहनाको साथ नदेऊ कि अधिक प्राप्त हुनेछ र आफ्नो  पालनहारको लागि धैर्य राख । (सूरतुल् मुद्दस्सिर १-७)

“उठ र सावधान गर” को अर्थ हो अल्लाह एक भएको घोषणा गर, अल्लाहको साथमा साझी गर्नेहरूलाई सावधान गर, आफ्नो पालनहारको प्रशंसाको घोषणा गर र एक पालनहार को विशेषतालाई बताऊ । “आफनो लुगालाई पवित्र (स्वच्छ) राख” को अर्थ हो आफ्नो  कर्मलाई शिर्कको गन्दगी (फोहोर) बाट स्वच्छ राख । “अपवित्रतालाई छाडिदेऊ” को अर्थ हो मूर्ति पूजा एवं मूर्तिपूजकहरूबाट अलग होऊ र उनीहरूको सिद्धान्तलाई स्वीकार नगर ।

उहाँले दश वर्षसम्म अल्लाहतर्फ सबैलाई बोलाउदै रहनुभयो, त्यस पश्चात उहाँलाई स्वर्गलोकतिर (आकाशतिर) बोलाइयो र त्यहाँ प्रतिदिन पाँच पटकको नमाज अनिवार्य गरियो। तीन वर्षसम्म उहाँले मक्कामा नमाज पढ्दै गर्नु भयो र त्यस पश्चात मदीनातर्फ प्रवास (हिजरत) गर्नु भयो । “हिजरत” को अर्थ हो मूर्तिपूजकहरूको बीचबाट निस्केर मुस्लिम समुदायतर्फ प्रस्थान गर्नु (प्रवास गर्नु) । यो हिजरत प्रलयसम्म बाँकि रहनेछ। यसको प्रमाण कुर्आनबाट यस्तो छ :

﴿إِنَّ ٱلَّذِينَ تَوَفَّىٰهُمُ ٱلْمَلَـٰٓئِكَةُ ظَالِمِىٓ أَنفُسِهِمْ قَالُوا۟ فِيمَ كُنتُمْ ۖ قَالُوا۟ كُنَّا مُسْتَضْعَفِينَ فِى

ﭐلْأَرْضِۚ قَالُوٓاْ أَلَمْ تَكُنْ أَرْضُ ٱللَّهِ وَٰسِعَةً فَتُهَاجِرُواْ فِيهَاۚ فَأُوْلَٰٓئِكَ مَأْوَىٰهُمْ جَهَنَّمُۖ وَسَآءَتْ
مَصِيرًا ﴿٩٧﴾ إِلَّا ٱلْمُسْتَضْعَفِينَ مِنَ ٱلرِّجَالِ وَٱلنِّسَآءِ وَٱلْوِلْدَٰنِ لَا يَسْتَطِيعُونَ حِيلَةً
وَلَا يَهْتَدُونَ سَبِيلًا ﴿٩٨﴾ فَأُوْلَٰٓئِكَ عَسَى ٱللَّهُ أَن يَعْفُوَ عَنْهُمْۚ وَكَانَ ٱللَّهُ عَفُوًّا غَفُورًا ﴾

[النساء: ٩٧ – ٩٩]

अर्थः जो मानिसहरु आफूमाथि अत्याचार गरिरहेका थिए उनीहरूको प्राणलाई निकाल्ने बेलामा फरिश्ताहरूले सोध्छन्, तिमी कस्तो अवस्थामा थियौ? तब उनीहरू उत्तर दिन्छन् कि हामी धरतीमा निर्बल बेवस थियौं। फरिश्ताहरूले सोध्छन् कि त्यहाँबाट बसाई सर्न अल्लाहको धरती विस्तृत थिएन? यस्ता मानिसहरुको ठेगाना नर्क हुनेछ, यो धेरै नराम्रो ठेगाना हो। तर जुन पुरुष, स्त्रीहरू र बच्चाहरू वास्तवमा बेवस र असक्त छन् अनि त्यहाँबाट निस्कनको कुनै पनि मार्ग एवं साधन उनीहरूसित छैन्। त धेरै सम्भव छ कि अल्लाहले उनीहरूलाई क्षमा प्रदान गरुन्। अल्लाह अति दयावान एवं क्षमाशील हुनुहुन्छ। (सूरतुन्निसा ९७-९९)

त्यस्तै अर्को ठाउँमा अल्लाह तआलाले भन्नु भएको छः

﴿ يَٰعِبَادِيَ ٱلَّذِينَ ءَامَنُوٓاْ إِنَّ أَرْضِي وَٰسِعَةٌ فَإِيَّٰيَ فَٱعْبُدُونِ ﴾ [العنكبوت: ٥٦]

अर्थः "हे मेरा आस्थावान भक्तहरू, मेरो धरती धेरै विस्तृत छ। अतः मेरै उपासना गर। (सूरतुल् अन्कबूत ५६)

इमाम बगवी रहिमहुल्लाहको भनाइ अनुसार प्रस्तुत कुर्आनको आयत ती मुस्लिमहरूतर्फ इशारा (संकेत) गर्छ जो

त्यस बखत पनि मक्कामै थिए र मदीनातर्फ हिजरत गरेका थिएनन्, अल्लाहले उनीहरूलाई बदरको युद्धमा ईमानवालाको नामबाट बोलाउनु भएको थियो ।

हिजरत गर्नेबारे हदीसबाट प्रमाण:

**"لا تنقطع الهجرة حتى تنقطع التوبة ولا تنقطع التوبة حتى تطلع الشمس من مغربها"** . أبو داود الجهاد (٢٤٧٩) ، أحمد (٤/٩٩) ، الدارمي السير (٢٥١٣)

अर्थ: हिजरतको (प्रवासको) अन्त तबसम्म हुँदैन जबसम्म तौबाको अन्त हुँदैन र तौबाको अन्त तबसम्म हुँदैन जबसम्म सूर्यउदय पश्चिम दिशाबाट हुँदैन । (अबू दाऊद: २४७९, अहमद: ४/९९, दारमी: २५१३)

मदीनामा बसाइको समयमा नै उहाँ ﷺ माथि अरु इस्लामिक निर्देशहरू अनिवार्य गरिए । जस्तै: जकात, व्रत, हज, आजान, धर्मयुद्ध, भलाइतिर प्रोत्साहित गर्ने र कुभलो कामहरुबाट रोक्ने आदि...। यी कार्यहरु उहाँ ﷺ ले दशवर्ष गर्नुभयो, तत्पश्चात उहाँको देहान्त (स्वर्गबास) भयो । उहाँको धर्म आज पनि छ र प्रलयको दिनसम्म बाँकी रहिरहने छ । उहाँले सबै किसिमका सुकर्महरु बताउनु भयो, र सबै किसिमका कुकर्मबाट मानिसहरुलाई सावधान गर्नुभयो । राम्रो कर्म जसतर्फ उहाँले सबैलाई आमन्त्रित गर्नुभयो ती हुन्- एक अल्लाहमा विश्वास राख्नु र अल्लाहलाई मनपर्ने एवं प्रसन्न गर्ने कार्य गर्नु अनि शिर्क र अल्लाहलाई मन नपर्ने सबै कार्यबाट बच्ने ।

अल्लाहले मुहम्मद ﷺ लाई सबै जातिको लागि पठाउनु भएको थियो र आदेश दिनु भएको थियो कि समस्त मनुष्य र जिन्नले उहाँको संदेश सुनुन् अनि त्यसको पालनागरी उहाँको अज्ञाकारी बनुन् । यसको प्रमाण अल्लाहले कुर्आनमा यसरी दिनु भएको छः

﴿قُلْ يَٰٓأَيُّهَا ٱلنَّاسُ إِنِّى رَسُولُ ٱللَّهِ إِلَيْكُمْ جَمِيعًا﴾ [الأعراف: ١٥٨]

अर्थः (ए मुहम्मद) भनिदेऊः "ए मानिसहरू! म तिमीहरू सबैको लागि अल्लाहद्वारा पठाइएको रसूल हूँ । (सूरतुल् अअ्राफ १५८)

मुहम्मद ﷺ को दूतत्वको साथ अल्लाहले यस धर्मलाई पूर्ण गरिदिनु भयो । यसको प्रमाणमा कुर्आनले यसरी गवाही दिएको छः

﴿ٱلْيَوْمَ أَكْمَلْتُ لَكُمْ دِينَكُمْ وَأَتْمَمْتُ عَلَيْكُمْ نِعْمَتِى وَرَضِيتُ لَكُمُ ٱلْإِسْلَٰمَ دِينًا﴾ [المائدة: ٣]

अर्थः आज मैले तिम्रो लागि तिमीहरूको धर्मलाई पूर्ण गरिदिए अनि तिमीहरूमाथि आफ्नो नेअ्मत (अनुकम्पा) पूर्ण गरिदिए र तिमीहरूको लागि इस्लाम धर्मलाई रोजे । (सूरतुल माइदः ३)

रसूल ﷺ को मृत्युबारे कुर्आनबाट प्रमाणः

﴿إِنَّكَ مَيِّتٌ وَإِنَّهُم مَّيِّتُونَ ۝٣٠ ثُمَّ إِنَّكُمْ يَوْمَ ٱلْقِيَٰمَةِ عِندَ رَبِّكُمْ تَخْتَصِمُونَ﴾

[الزمر: ٣٠ – ٣١]

अर्थः (ए सन्देष्टा), तिमीलाई पनि मृत्यु आउनेछ र उनीहरुलाई पनि मृत्यु आउनेछ। फेरि प्रलयको दिन तिमीहरू आफ्नो पालनहारको समक्ष आ-आफ्नो मुकदमा प्रस्तुत गर्नेछौ (आपसमा झगडा गर्नेछौ) । (सूरतुज्जुमर ३०, ३१)

मृत्यु पश्चात सबैलाई पुर्नजन्म मिल्नेछ। यसको प्रमाण कुर्आनमा यसरी दिइएको छः

﴿مِنۡهَا خَلَقۡنَٰكُمۡ وَفِيهَا نُعِيدُكُمۡ وَمِنۡهَا نُخۡرِجُكُمۡ تَارَةً أُخۡرَىٰ﴾ [طه: ٥٥]

अर्थः यसै धरतीबाट हामीले तिमीलाई सृष्टि गऱ्यौं र यसै मा तिमीलाई फेरि फर्काउने छौं अनि यसैबाट अर्कोपल्ट तिमीहरू सबैलाई निकाल्ने छौं। (सूरतु ताहा ५५)

अर्को ठाउँमा अल्लाह तआलाले भन्नु भएको छः

﴿وَٱللَّهُ أَنۢبَتَكُم مِّنَ ٱلۡأَرۡضِ نَبَاتٗا ﴿١٧﴾ ثُمَّ يُعِيدُكُمۡ فِيهَا وَيُخۡرِجُكُمۡ إِخۡرَاجٗا﴾ [نوح: ١٧-١٨]

अर्थः ..अल्लाहले नै तिमीलाई धरतीबाट सृष्टि गर्नु भएको हो अनि त्यसैमा तिमीलाई फर्काउनु हुनेछ र तिमीलाई त्यसै बाट निकालि उभ्याउनु हुनेछ। (सूरतु नूह १७, १८)

सबैको मृत्यु पश्चात उनीहरूको हिसाब किताब अल्लाह समक्ष प्रस्तुत गरिनेछ र उनीहरूको कर्मअनुसार उनलाई इनाम एवं दण्ड मिल्नेछ। यसको प्रमाण अल्लाहको भनाइबाट यसप्रकार छः

﴿لِيَجۡزِيَ ٱلَّذِينَ أَسَٰٓـُٔواْ بِمَا عَمِلُواْ وَيَجۡزِيَ ٱلَّذِينَ أَحۡسَنُواْ بِٱلۡحُسۡنَى﴾ [النجم: ٣١]

अर्थः ताकि (अल्लाह) कुकर्मीहरूलाई उनको कुकर्मको दण्ड देऊन् र सत्कर्मीहरूलाई उनको कर्मको उत्तम प्रतिफल देऊन् । (सूरतुन्नज्म ३१)

यदि कुनै व्यक्तिले मृत्यु पश्चातको पुर्नजन्मलाई इन्कार गर्छ भने त्यो काफिर (नास्तिक) हो । यसको प्रमाण कुर्आनबाट यसरी मिल्छः

﴿زَعَمَ ٱلَّذِينَ كَفَرُوٓاْ أَن لَّن يُبۡعَثُواْۚ قُلۡ بَلَىٰ وَرَبِّي لَتُبۡعَثُنَّ ثُمَّ لَتُنَبَّؤُنَّ بِمَا عَمِلۡتُمۡۚ وَذَٰلِكَ عَلَى ٱللَّهِ يَسِيرٞ﴾ [التغابن: ٧]

अर्थः इन्कारी (नास्तिक) हरूले सोचेका छन् कि मृत्यु पश्चात कदापि उनीहरूलाई उठाइने छैन । भनिदेऊ, मेरो पालनहारको कसम तिमीहरू अवश्य नै उठाइनेछौ । फेरि अवश्य तिमीहरूलाई त्यो सबै बताइने छ जुन कर्म तिमीहरूले (दुनियाँमा) गरेका छौ र यो काम अल्लाहको लागि अति सजिलो छ । (सूरतुत्तगाबुन ७)

अल्लाहले सबै सन्देष्टाहरूलाई शुभसूचक र सचेतक बनाएर पठाउनु भएको थियो । अल्लाह तआलाले भन्नु भएको छः

﴿رُّسُلٗا مُّبَشِّرِينَ وَمُنذِرِينَ لِئَلَّا يَكُونَ لِلنَّاسِ عَلَى ٱللَّهِ حُجَّةُۢ بَعۡدَ ٱلرُّسُلِۚ وَكَانَ ٱللَّهُ عَزِيزًا حَكِيمٗا﴾ [النساء: ١٦٥]

अर्थः सबै रसूलहरू शुभसूचक र सचेतक बनाएर पठाइएका थिए । ताकि सन्देष्टाहरूको आगमन पश्चात

मानिसहरूसित अल्लाह समक्ष प्रस्तुत गर्ने केही बहाना नबचोस् । (सूरतुन्निसा १६५)

ती सबै रसूलमध्ये हजरत नूह पहिलो र हजरत मुहम्मद अन्तिम सन्देष्टा अनि सबै सन्देष्टाहरुको समापक हुनुहुन्छ । अल्लाह तआलाले मुहम्मद ﷺ लाई सम्बोधित गर्दै भन्नु भएको छ :

﴿إِنَّآ أَوۡحَيۡنَآ إِلَيۡكَ كَمَآ أَوۡحَيۡنَآ إِلَىٰ نُوحٖ وَٱلنَّبِيِّـۧنَ مِنۢ بَعۡدِهِۦ﴾ [النساء: ١٦٣]

अर्थः निःसन्देह हामीले तिमीतिर त्यस्तै प्रकारले सन्देश (वह्य) पठाएका छौं, जसरी नूह र उनीभन्दा पछिका सन्देष्टाहरू तर्फ पठायौं । (सूरतुन्निसा १६३)

जति पनि समुदायमा अल्लाहले सन्देष्टा पठाउनु भयो नूहदेखि मुहम्मदसम्म सबैलाई यही आदेश दिएर पठाउनु भयो कि सबैले मात्र एक्लो अल्लाहको पूजा-उपासना गरुन् र तागूत (अल्लाह बाहेक सबै असत्य पूज्य) बाट बचुन् । यसै सम्बन्धमा अल्लाह तआलाले भन्नु भएको छः

﴿وَلَقَدۡ بَعَثۡنَا فِي كُلِّ أُمَّةٖ رَّسُولًا أَنِ ٱعۡبُدُواْ ٱللَّهَ وَٱجۡتَنِبُواْ ٱلطَّٰغُوتَ﴾

[النحل: ٣٦]

अर्थः हामीले प्रत्येक समुदायमा सन्देष्टाहरु पठायौं, (ताकि मानिसहरु) अल्लाहकै उपासना गरुन् र उहाँ बाहेक समस्त पूज्यहरु (तागूत) लाई त्यागुन् । (सूरः अन्नहल ३६)

अल्लाहले प्रत्येक व्यक्तिमाथि यो अनिवार्य गर्नु भएको छ

कि उसले मात्र अल्लाहको उपासना गरोस्, उहाँ बाहेकको पूजा-उपासनाबाट बचोस् र अल्लाहमाथि विश्वास राखोस् । इब्ने कैयिम (रहिमहुल्लाह) को भनाइ अनुसार अवज्ञाकारिताको अर्थ हो “मान्छे कुनै मिथ्या उपास्यहरुमाथि विश्वास गरेर उपासनाको सीमाबाट बाहिर निस्कनु । चाहे त्यो सजीव वा निर्जीव जुनसुकै वस्तु होस्” । तागुतहरु धेरै प्रकारका छन् । ती मध्ये मुख्य पाँच छन् ।

१) इब्लीस (धुत्कारिएको शैतान) ।

२) अल्लाह बाहेक जस कसैलाई पनि पूजिन्छ र त्यो  त्यस पूजाबाट राजी (सहमत) पनि हुन्छ ।

३) आफ्नो पूजा गर्न आमन्त्रण दिने व्यक्ति ।

४) अर्न्तयामी (परोक्ष ज्ञानी) भएको दाबी गर्ने व्यक्ति ।

५) अल्लाहद्वारा अवतरित नियमहरू बहेक अरु नियम बनाएर निर्णय गर्ने र राज गर्ने व्यक्ति । यसको प्रमाण अल्लाहले यसरी दिनु भएको छः

﴿لَآ إِكۡرَاهَ فِي ٱلدِّينِۖ قَد تَّبَيَّنَ ٱلرُّشۡدُ مِنَ ٱلۡغَيِّۚ فَمَن يَكۡفُرۡ بِٱلطَّٰغُوتِ وَيُؤۡمِنۢ بِٱللَّهِ فَقَدِ ٱسۡتَمۡسَكَ بِٱلۡعُرۡوَةِ ٱلۡوُثۡقَىٰ لَا ٱنفِصَامَ لَهَاۗ وَٱللَّهُ سَمِيعٌ عَلِيمٌ﴾ [البقرة: ٢٥٦]

अर्थः धर्ममा कुनै जबरजस्ती छैन । वास्तवमा कुमार्गबाट सुमार्ग प्रष्ट भइसकेको छ । तसर्थ जसले अल्लाह बाहेक अन्य असत्य पूज्यहरूमा आस्था राख्दैन र अल्लाहमाथि आस्था

राख्छ, उसले यस्तो बलियो डोरी समातिसकेको छ, जुन कहिल्यै चुँड्ने छैन । अल्लाह सबै कुरा सुन्नेवाला सर्वज्ञाता हुनुहुन्छ । (सूरतुल् बकरः २५६)

अन्तमा अल्लाहसित प्रार्थनारत छु कि अल्लाहले हामी सबैलाई सोझोमार्ग प्रदान गरुन् र हामीलाई आफ्नो आज्ञाकारी बनाई स्वर्ग प्रदान गरुन् ।

(आमीन)

IslamHouse.com

IslamHouseNe    UChEVLoMT_GLm3beiq_qGTHA/    islamhouse.com/ne/

नेपाली-Nepali--1477142409250575نيبالي/

For more details visit
www.GuideToIslam.com

GUIDE TO ISLAM

contact us :Books@guidetoislam.com

Guidetolslam.org    Guidetoislam1    Guidetoislam    www.Guidetoislam.com

المكتب التعاوني للدعوة وتوعية الجاليات بالربوة


هاتف: ٩٦٦١١٤٤٥٤٩٠٠+    فاكس: ٩٦٦١١٤٩٧٠١٢٦+    ص ب: ٢٩٤٦٥    الرياض: ١١٤٥٧

ISLAMIC PROPAGATION OFFICE IN RABWAH

P.O.BOX 29465    RIYADH 11457    TEL: +966 11 4454900    FAX: +966 11 4970126

# इस्लामको तीन मूल आधार

"इस्लामको मूल तीन आधार" नामको यस पुस्तिकमा इस्लामको प्रमुख तीन आधारबारे छोटकरीमा जानकारी प्रमाणको साथ वर्णन गरिएको छ । जो शेख इमाम मुहम्मद बिन अब्दुल् वह्हाब रहिमहुल्लाहद्वारा लेखिएको हो । यी तीन महत्वपूर्ण कुराहरू प्रत्येक मुसलमानलाई कुर्आन र सुन्नतको उज्यालोमा जानकारी हुनु अति आवश्यक छ ।




IslamHouse.com

Osoul Center
www.osoulcenter.com